नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं ।

मिति २०८३/०१/१७ गते।
ने.सं. ११४६

# प्रेस विज्ञप्ती - ६९

## "लिखत सम्बन्धी कसूरमा नविन कुमार अग्रवाल पक्राउ"

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ बमोजिम नेपाल सरकारको मिति २०७६/१२/२४ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम अर्को सूचना प्रकाशित नभएसम्म छोकडा पैठारीमा पूर्ण बन्देज लगाईएको अवस्थामा वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौंको लेटरहेड, छाप र पुर्वमहानिर्देशकको नाम र हस्ताक्षर प्रयोग गरी १०० टन छोकडा (खजुर) आयातको लागि **किर्ते** अनुमती पत्र तयार गरी विरगञ्ज भन्सार कार्यालयमा पेश गर्ने Simvin International Impex Kalikashan, Kathmandu का सञ्चालक साविक विरगञ्ज नगर पञ्चायत वडा नं. ११ घर भई हालको विरगञ्ज म.न.पा. वडा नं. ६, रेशमकोटी पर्सा बस्ने वर्ष ५५ को **नविन कुमार अग्रवाल**लाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २५ लिखत सम्बन्धी कसूरमा अनुसन्धानको क्रममा सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति समेत लिई मिति २०८३।०१।१७ गते विरगञ्ज म.न.पा. वडा नं. ११ आदर्श नगर, पर्साबाट पक्राउ गरी यस ब्यूरोबाट अनुसन्धान कार्य जारी रहेको।

प्रवक्ता
शिव कुमार श्रेष्ठ
(प्रहरी वरिष्ठ उपरीक्षक)
सम्पर्क नं.९८५१२९१३११